नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं.

पत्र संख्या :- ०८१/८२
चलानी नं.:- ९६९५

**मितिः** २०८२/०१/०५

**विषयः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री मातृभूमी हाईड्रोपावर डेभलपमेण्ट कं. प्रा. लि.
सुविधानगर, तीनकुने, काठमाण्डौ, नेपाल ।
फो नं.: ४२२२९४५, ४१११६७३

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित सिसुवा खोला ए जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले सो कागजात/विवरणहरु पेश गर्नु हुन विभागको मिति २०८२/०१/०४को निर्णयानुसार जानकारी गराइन्छ ।

क) प्रस्तावित क्षेत्र मकालु वरुण राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भित्र पर्ने देखिएको हुनाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १२(५) बमोजिम **छ महिना** भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र । सो समयमा वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश हुन नसकेमा प्रस्तुत दरखास्तमाथि कारवाही गर्न नसकिने हुँदा दरखास्त रद्द हुनेछ ।

ख) विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संशोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम **पैतिस (३५)** दिनको समयावधि भित्र निम्न विवरणहरु

१. प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दरखास्त सहितको Desk study report (आयोजनाको सम्पूर्ण संरचना रहने गरि क्षेत्र प्रस्ताव भएको) ।
२. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा (आयोजनाको सम्पूर्ण संरचना रहने गरि क्षेत्र प्रस्ताव भएको) ।
३. प्रवर्द्धक कम्पनी दर्ताको प्रमाण पत्र (नोटराइज प्रतिलिपि) ।
४. प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र तथा नियमावली (नोटराइज प्रतिलिपि) ।
५. प्रवर्द्धक कम्पनीको प्यान दर्ता (नोटराइज प्रतिलिपि) ।
६. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
७. प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
८. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।
९. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
१०. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु । कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
११. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :-
चलानी नं.:-

मितिः २०८२/०१/०५

१२. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०८०/८१को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
१३. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर